(ख) आयोजना कार्यान्वयनबाट पर्न सक्ने वातावरणीय सन्तुलन कायम गर्ने सम्बन्धी कार्य,

(ग) अन्य आयोजनाहरुसँग अन्तरसम्बन्ध कायम गर्नुपर्ने,

(घ) असल नागरिकको आचरण पालना गर्नुपर्ने ।

(ङ) उपभोक्ता समितिले आयोजनाको फरफारकको लागि कार्यालयमा कागजात पेश गर्दा अनुसूची ६ बमोजिमको ढाँचामा आयोजनाको भौतिक तथा वित्तिय प्रतिवेदन पेश गर्नु पर्नेछ ।

२०. **<u>गाउँपालिका स्तरीय अनुगमन समिति सम्बन्धी व्यवस्था</u>** : (१) आलिताल गाउँपालिकाको गाउँ सभाबाट स्वीकृत सार्वजनिक पूर्वाधार सुदृढीकरण तर्फ संचालित आयोजना/कार्यक्रमहरुको समग्र अनुगमनका लागि देहाय बमोजिमको गाउँपालिका स्तरीय अनुगमन समिति रहने छ ।

| | |
|---|---|
| (क) गाउँपालिका उपाध्यक्ष | - संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (ग) कार्यपालिकाबाट मनोनित कार्यपालिकाका २ जना सदस्य | - सदस्य |
| (घ) पूर्वाधार विकास शाखा प्रमुख | - सदस्य |
| (ङ) योजना अनुगमन शाखा प्रमुख | - सदस्य-सचिव |

(२) समितिले गाउँपालिका अध्यक्ष लगायत सम्बन्धित व्यक्ति वा पदाधिकारीलाई आमन्त्रित सदस्यको रुपमा बैठकमा बोलाउन सक्नेछ । सदस्यहरुले बैठक बस्दा कार्यपालिकाको बैठक सरहको भत्ता प्राप्त गर्नेछन।

(३) समितिको काम कर्तव्य र अधाकर देहायबमोजिम हुनेछन् :

(क) गाउँपालिका क्षेत्रभित्र उपभोक्ता समिति वा ठेक्का प्रणालीबाट संचालित आयोजना/कार्यक्रमहरुको समग्र अनुगमन गर्ने।

(ख) कुनै आयोजना/कार्यक्रमको स्थलगत रुपमा विस्तृत अनुगमन गर्नुपर्ने अवस्था देखिएमा वा विस्तृत अनुगमन गर्नुपर्छ भनि जानकारी/उजुरी प्राप्त भएमा स्थलगत रुपमा विस्तृत अनुगमन गर्ने ।

(ग) प्रत्येक आयोजना/कार्यक्रम सम्पन्न भई अन्तिम किस्ता भुक्तानीका लागि अनुरोध भई आएको अवस्थामा प्राप्त सिफारिस र प्राविधिक प्रतिवेदनका आधारमा अन्तिम केस्ता भुक्षनी तथा फरफारकका लागि निर्णय गर्ने ।

(घ) अनुगमनका क्रममा आयोजना/कार्यक्रममा कुनै सुधार गर्नुपर्ने देखिएमा सुधार गर्न निर्देशन दिने र सिको अभिलेख राख्ने ।

(ङ) आयोजना अनुगमन समिति र सम्बन्धित वडा कार्यालय सँग सम्पर्कगरी आयोजना/कार्यक्रमको कार्य प्रगतीका बारेमा जानकारी प्राप्त गर्ने र कुनै समस्या देखिएमा समाधानका लागि पहल गर्ने ।

(च) एक आर्थिक वर्षभित्र संचालित आयोजना/कार्यक्रमको सम्बन्धमा समग्र अनुगमन प्रतिवेदन तयार गरी गाउँ कार्यपालिका बैठकमा पेश गर्ने ।

(४) आफ्नो वडा भित्र संचालित योजना, आयोजना, कार्यक्रमको अनुगमन गर्नका लागि देहाय बमोजिमको वडा स्तरीय अनुगमन समिति रहेनछ ।

| | |
|---|---|
| (क) सम्बन्धित वडाको वडा अध्यक्ष | - संयोजक |
| (ख) वडा सदस्यहरु | - सदस्य |

